# उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, उर्लाबारी, मोरङ

### घाटगद्दी गरिएको नदीजन्य सामाग्री (मिक्स गिटी) विक्री गर्ने कार्यको ठेक्का बन्दोबस्ती सम्बन्धि बोलपत्र आह्वानको सूचना।

*दोस्रो पटक प्रकाशित मितिः २०८१।०९।२२*

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ (६) बमोजिम सूचनामा उल्लेखित स्थानमा घाटगद्दी गरिएको नदीजन्य सामाग्री (मिक्स गिटी) कोशी प्रदेशको आर्थिक ऐन, २०८१ ले तोकेको दरमा विक्री गर्ने गरी तपसिल बमोजिमको नदीजन्य सामाग्री (मिक्स गिटी) बिक्री गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपसिल बमोजिम शर्तको अधिनमा रही बिधुतीय बोलपत्र पेश गर्नुहुन यो दोस्रो पटकको सार्वजनिक सूचना जारी गरिएको छ।

**तपसिल**

| सि. न. | ठेक्का नं. | बोलपत्रको नाम | बिक्री योग्य परिमाण | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | घा./०२/०८१/०८२ | उर्लाबारी नगरपालिक वार्ड नं. १ सोल्टी खोला कान्छी चोक पश्चिम पानी टंकी उत्तर, यस नगरपालिकाबाट वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम उत्खनन गरी घाटगद्दी गरिएको नदीजन्य सामाग्री (मिक्स गिटी) बिक्री गर्ने सम्बन्धि कार्य | १०८६०.२० घन मीटर | ३०,६५,१८४/- (अक्षरेपी तिस लाख पैंसाठ्ठी हजार एक सय चौरासी रुपैयाँ मात्र ) | कबोल गरेको रकमको ५% | ३,०००।- |

- बोलपत्रका लागि देहायका शर्तहरू हुनेछन र ईच्छुक बोलपत्रदाताले BoQ भरी शर्तहरूमा उल्लेख भए बमोजिम पेश गर्नुपर्नेछ।

**शर्तहरु:**

१. प्रति बोलपत्र फारम दस्तुर रकम रु ३,०००।०० (अक्षरेपी तीन हजार रुपैँया) देहायको खातामा जम्मा गर्न सकिनेछ। जम्मा गरेको राजस्व भौचर र धरौटी वापतको रकम वा बैंक ग्यारेन्टीको Scan कपी बोलपत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ । बोलपत्र फारम र सो सँग सम्बन्धित कागजातहरु https://bolpatra.gov.np/egp मार्फत डाउनलोड गर्न सकिने छ। बोलपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम निम्नानुसार बुझाउनु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

देहाय (बोलपत्र फारम दस्तुर र धरौटी रकम बुझाउने सम्बन्धी विवरण)

| क्र. स. | कार्यालय / कोड नं. | बैंकको नाम | बोलपत्र फारम दस्तुरका लागि राजस्व दाखिला गर्ने खाता नं. | धरौटी खाता नं. |
|---|---|---|---|---|
| क. | ८०१०११३०२ | कृषि विकास बैंक लिमिटेड | ग-१-१ स्थानीय तह आन्तरिक राजश्व खाता नं. ०६०१७०११५०५९५११८ | कार्यालयको ग-३ स्थानीय तह धरौटी खाता नं. ०६०१७०११५०५९५०२४ |

नोट : कबोल अंकको ५ प्रतिशत धरौटी उर्लाबारी नगरपालिकाको माथि उल्लेखित धरौटी खाता वा उर्लाबारी नगरपालिकाको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १६ औँ दिन, दिनको १२:०० बजेसम्ममा अनिवार्य Online प्रणालीमा पेश गरी सक्नु पर्नेछ।

३. प्रि विड मिटिङ २०८१।०९।२९ गते दिनको ११ बजे नगरपालिकाको कार्यालयमा बस्नेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ।

४. बोलपत्र दर्ता गर्ने अन्तिम दिन, दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहवरमा बोलपत्रहरु खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५. पहिलो बोलपत्रदाताको ठेक्का स्वीकृत भई नियम अनुसारको प्रकृया पूरा गरि ठेक्का सम्झौता नगरे सम्म दोश्रो र तेश्रो बोलपत्रदाताको धरौटी रकम फिर्ता गरिने छैन र पहिलो बोलपत्रदाताको ठेक्का अंकमा अन्य ठेकेदारको धरौटीबाट हिसाव मिलान गर्न पाइने छैन ।

६. बोलपत्रदाताले आफूले कबोल गरेको कबोल रकमको ५ प्रतिशतले हुने रकम शर्तको बुँदा नं. १ (क) धरौटी खाता नं. मा जम्मा गरेको भौचर वा "क" बर्गको बैंकबाट बोलपत्र नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रितपूर्बकको बोलपत्र जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले बोलपत्र फारम खरिद गरेको बैंक भौचर, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण र स्वःघोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात Scan Copy अपलोड गर्नुपर्नेछ।

७. बोलपत्र स्वीकृत पश्चात स्वीकृत बोलपत्रदाताले पत्र बुझेको वा सूचना प्रकाशन भएको वा कार्यालयको आधिकारीक ईमेल मार्फत पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत बापतको सम्पूर्ण धरौटी रकम जफत गरी बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई कालोसूचीमा राखिनेछ।

८. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम सम्झौता गर्नु पुर्व एकमुष्ट बुझाउनु पर्नेछ। एकमुष्ठ रकम बुझाए वापत कुनै छुट पाइने छैन। कवोल अंकको १३% प्रतिशत मु.क.कर र १.५% प्रतिशत अग्रिम आयकर बापतको रकम आर्थिक प्रशासन शाखामा यकिन गरी/गराई अग्रीम दाखिला गर्नुपर्नेछ।

९. घाटगद्दी गरिएको नदीजन्य सामाग्री (मिक्स गिटी) सम्झौता भएको ३० दिन भित्र उठाई लैजानु पर्नेछ।

१०. ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यस्तै प्रकारको अन्य अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन।

११. बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ।

१२. नगरपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document का रुपमा मानिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

१३. बोलपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरी अपलोड गरेको खोलाजन्य पदार्थको उत्खखन तथा विक्री सम्वन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर बोलपत्रदाताले अपलोड गरेको / भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन।

१४. नगरपालिकाले यस प्रकृयामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ। तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमसः दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ। अधिकतम कबोल गर्ने बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो बोलपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको बिचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउने बोलपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ। यो प्रकृयाको क्रमस दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ।

१५. नदीजन्य पदार्थ बिक्री बितरण कार्यको नियमन गर्दा प्रचलित कानून उलंघन गरेको पाईएमा कोशी प्रदेशको आर्थिक ऐन, २०८१ को अनुसूची ११ बमोजिम जरिवाना लगाइने र असुल गरिनेछ।

१६. ठेक्का तयारी तथा सो सँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनुपर्नेछ।

१७. बोलपत्रदाताले आफ्नो खर्चमा नदीजन्य सामाग्री (मिक्स गिटी) घाटगद्दी गरिएको स्थान भ्रमण गरी बोलपत्र प्रकृयामा भाग लिनु पर्नेछ।

१८. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ।

१९. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन।

२०. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

२१. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ।

२२. यस प्रकृयामा सहभागीहुने बोलपत्रदाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेस गरिएको मानिनेछ।

माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ र प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ।

*थप जानकारीका लागि ०२१-५४३६९८ मा सम्पर्क गर्न सकिनेछ।*

प्रमुख प्रशासकीय अधिकृत

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, उर्लाबारी, मोरङ

## बोलपत्र फाराम

(दोस्रो पटकको सूचना प्रकाशित मितिः २०८१।०९।२२)

प्रमुख प्रशासकीय अधिकृत

ठेक्का आ.व २०८१।०८२

बोलपत्र पेश गर्ने फर्मको नामः

ठेगानाः

बोलपत्र फाराम बिक्री मितिः

बोलपत्र फाराम बिक्री मूल्यः रु. ३०००।००

| सि.नं | ठे.नं. | ठेक्काको विवरण | कबोल गरेको रकम (भ्याट बाहेक) | | धरौटी रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | | |
| १. | रा./०२/०८१/०८२ | उर्लाबारी नगरपालिका वार्ड नं. १ सोल्टी खोला कान्छी चोक पश्चिम पानी टंकी उत्तर, यस नगरपालिकाबाट वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम उत्खनन् गरी घाटगद्दी गरिएको नदीजन्य सामग्री (मिक्स गिट्टी) बिक्री गर्ने सम्बन्धी कार्य | | | | |

संलग्न ठेक्काका शर्तहरु पालना गरी उक्त कबोल गरेको ठेक्का अंक (मू.अ कर बाहेक) मा काम गर्न मञ्जुर छु भनि सही छाप गर्नेः-

प्रो. वा सञ्चालकको नाम, थरः

दस्तखतः

इमेल ठेगानाः

मितिः

मोबाइल नम्बरः

छापः